म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १७९ शुक्रबार, १ फागुन २०८२ ने. सं. ११४६ सिल्लागा 13 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

# कार्यसम्पादन मुल्याङ्कनमा हेटौंडालाई ५४ दशमलव १३ अंक

## प्रदेशतर्फ बागमती तेस्रो स्थानमा

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ देशभरिका ११ उपमहानगरपालिका मध्ये कार्यसम्पादन मूल्यांकनमा हेटौडा उपमहागरपालिका छैटौं स्थानमा रहेको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले बिहीबार सार्वजनिक गरेको कार्यसम्पादन मूल्यांकन नतिजाअनुसार हेटौंडा उपमहानगरपालिका ५४ दशमलब १३ अंक प्राप्त गर्दै छैटौं स्थानमा र हेको छ । आयोगले स्थानीय तहका हकमा कुल १७ सूचकमा मूल्यांकन गरेको थियो । जसमा १० असार भित्र बजेट सार्वजनिक गरे/नगरेको, असार मसान्तभित्र बजेट पास गरे/नगरेको उल्लेख छ । यसैगरी आर्थिक वर्ष २०८१/८२ मा घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत उठेको रकमध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक प्रदेश सञ्चित कोषमा दाखिला गरे/नगरेको समेत मूल्यांकनको सूचक मानिएको छ ।

आगामी आर्थिक वर्षको बजेट प्रक्षेपण सहित विवरण अर्थ मन्त्रालयमा बुझाए/नबुझाएको, बजेट समीक्षा गरी कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेकोलाई पनि सूचक मानिएको छ । यसबाहेक राजस्व परिचालन, बजेट खर्चको अवस्था, बेरुजु, सूत्र सफ्टवेयर प्रयोग, विद्यार्थी भर्नादर, कक्षा ९ मा विद्यार्थी टिकाउ दर, गर्भजाँच गर्ने महिलाअनुपात, एसईई परीक्षा नतिजा, खोप लगाएका बालबालिका अनुपात आयोगले मूल्यांकनका आधार मान्ने गरेको छ । देशभरि ८० अंक कटाउने स्थानीय तह भने ४ वटामात्र छन् । जसमा अधिकांश पश्चिम नेपालका छन् ।



कार्यसम्पादन मूल्याङ्कनमा सबैभन्दा अगाडि ६४ दशमलब ४४ अंकसहित बुटवल उपमहानगर पालिका रहेको छ । सबैभन्दा कमजोर इटहरी उपनगरपालिका छ । इटहरीले ३८ दशमलब ९६ अंकमात्र पाएको छ । त्यसैगरी दोस्रो स्थानमा रहेको तुल्सीपुरले ६१.५३, तेस्रो स्थानको घोराहीले ६१.०८, चौथो स्थानको धनगढीले ५६.६० अंक, पाँचौ स्थानको नेपालगञ्जले ५६.४५, सातौ स्थानको जनकपुरले ५१.५८, आठौं स्थानको धरानले ४९.७६, नवौं स्थानको कलैयाले ४९.५७ र दशौं स्थानको जीतपुरसिमराले ४८.३९ अंक प्राप्त गरेको छ ।

### ४२ दशमलब ४६ अंक पाउँदै बागमती तेस्रो स्थानमा

कार्यसम्पादन मूल्यांकनमा ७ वटै प्रदेश कमजोर देखिएका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले बिहीबार प्रदेश र स्थानीय तहको कार्यसम्पादन मूल्यांकन कार्यविधिअनुसार कार्यसम्पादन सूचक मूल्यांकन गरी प्राप्तांक सार्वजनिक गरेको छ । जसमा कुनै पनि प्रदेशले ५० प्रतिशत अंक कटाउन सकेका छैनन् ।

आयोगकाअनुसार यो अंकमा चित्त नबुझे आयोगमा आधार र प्रमाण सहित पुनरावलोकनका लागि निवेदन दिन सकिन्छ । यस्तो मूल्यांकन आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा लिइने आधारमध्ये एक आधारका रुपमा प्रयोग हुन्छ ।

धेरै अंक ल्याउने प्रदेश र स्थानीय सरकारले बढी अनुदान पाउने गर्छन् । आयोगको नतिजा अनुसार बागमती प्रदेश तेस्रो स्थानमा रहेको छ । बागमतीले ४२ दशमलब ४६ अंक पाएको छ । पहिलो स्थानमा भने सुदूरपश्चिम प्रदेश रहन सफल भएको छ । यस प्रदेशले ४५ दशमलब ७० अंक पाएको छ । दोस्रो स्थानमा कोशी छ । उसले ४४.२९ अंक पाएको छ । चौथो स्थानमा रहेको गण्डकीले ३७.९१ अंक पाएको छ । सबैभन्दा कमजोर मधेश प्रदेश छ । यसले २७.२८ अंक पाएको छ । मधेश प्रदेशको कार्यसम्पादनमा बिगतदेखि नै खासै सुधार हुन सकेको देखिएको छैन ।

### कसरी गरिन्छ मूल्यांकन ?

आयोगले प्रदेशका हकमा कुल ११ सूचक आधार मानेर अंक दिने गर्छ । पहिलो सूचकमा आव २०८०/८१ को कुल लेखा परीक्षणबाट देखिएको बेरुजु अवस्था लिइएको छ । दोस्रो सूचक प्रदेशले स्थानीय तहलाई कानुन अनुसार ससर्त अनुदान दिए/नदिएको आधार मानिएको छ । तेस्रो सूचक २०८१/८२ मा सवारीसाधन करबापत बाँडफाँट गरिएको ४० प्रतिशत रकम प्रदेशले मासिक स्थानीय सञ्चित कोषमा दिए/नदिएकोलाई मानिएको छ ।

चौथो सूचकमा सोही आवमा विनियोजन गरिएको बजेट खर्चको अवस्था लिइएको छ । पाँचौंमा सोही आर्थिक वर्षमा राजस्व परिचालन अवस्था लिइएको छ । यसबाहेक स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान विवरण चैतसम्म दिए/नदिएको, आगामी आवको आयव्ययको प्रक्षेपित विवरण पुस मसान्तसम्म अर्थ मन्त्रालयमा दिए/नदिएको, गत आवको बजेटको वार्षिक समीक्षा गरे/नगरेको, स्थानीय तहमा वायुको गुणस्तर, वनक्षेत्रले ढाकेको क्षेत्रफल वृद्धि प्रतिशत र अनलाइन पोर्टलमा सूचना समयमै राखे/नराखेको विषयलाई समेत मूल्यांकनको सूचक मान्ने गरिन्छ ।

# बजारमा ग्यास अभाव, दैलेखमा ८० अर्ब घनमिटर पुष्टि



साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा ८० अर्ब ७० करोड घनमिटर खनिज ग्यासको भण्डारण रहेको पुष्टि भएको छ । तर, उपभोक्ताले समयमा ग्यास नपाएर निकै तनाव भोगिरहेका छन् ।

चीनको 'चाइना जियोलोजिकल सर्वे' कम्पनीले नेपाल सरकारलाई बुझाएको अन्तिम अन्वेषण प्रतिवेदनअनुसार जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास भण्डारण रहेको पाइएको हो । खानी तथा भूगर्भ विभागका प्रवक्ता धर्मराज खड्काका अनुसार चिनियाँ टोलीको विस्तृत अध्ययनपछि यो तथ्यांक सार्वजनिक गरिएको हो । यसअघि गरिएको प्रारम्भिक प्रतिवेदनमा यो क्षेत्रमा एक अर्ब १२ करोड घनमिटर ग्यास हुनसक्ने अनुमान गरिएको थियो । थपपरीक्षण र अन्तिम अध्ययनले पूर्वअनुमान भन्दा निकै ठूलो परिमाणमा ग्यास रहेको प्रमाणित गरेको उनले बताएका छन् ।

भण्डारण पुष्टि भएपनि यसको व्यावसायिक उत्पादन र उत्खनन् क्षमताको वास्तविक जानकारी भने 'वेल टेस्टिङ' पछि मात्र प्राप्त हुने विभागले जनाएको छ । प्रवक्ता खड्काले भने, 'अहिले हामीले भण्डारणको आकार मात्र पत्ता लगाएका हौं । वेल टेस्टिङ नगरी कति ग्यास बाहिर निकाल्न सकिन्छ र कुन प्रविधि उपयुक्त हुन्छ भन्नेबारे परीक्षण नगरेसम्म अन्तिम टुङ्गो लाग्दैन ।' उनका अनुसार अबको चरणमा 'ड्रिल' गरिएको स्थानमा अन्य उपकरण प्रयोग गरी चट्टान फुटाउने वा प्राकृतिक ग्यासलाई विस्थापित गर्ने प्रक्रिया अपनाइनेछ । त्यसपछि निस्कने ग्यासमा भएका तत्वको प्रयोगशाला परीक्षण गरेपछि मात्र व्यावसायिक उत्पादनको प्रक्रिया अघि बढ्ने उनले जानकारी दिए ।

नेपाल सरकार र चीनको जियोलोजिकल सर्वेबीच दुई अर्ब ४० करोडको आर्थिक तथा प्राविधिक सहयोगमा पेट्रोलियम खानी अन्वेषण गर्ने सम्झौता भएको थियो । सोहीअनुसार चिनियाँ टोलीले: सेस्मिक सर्वे, जियोलोजिकल सर्वे, म्याग्नेटोटेल्युरिक सर्वे र जियोकेमिकल सर्वे सम्पन्न गरिसकेको विभागका प्रवक्ता खड्काले जानकारी दिए । उनका अनुसार हाल प्राप्त अन्तिम प्रतिवेदन माथि विभागले थप अध्ययन गरिरहेको छ भने बाँकी कामका लागि अनुदान सहयोग गरिदिन नेपाल सरकारले चीन सरकारलाई आग्रह गरेको छ ।

विज्ञकाअनुसार दैलेखमा फेलापरेको ग्यास अमेरिकामा उत्खनन् गरिने 'शेल वा टाइट ग्यास' प्रकृतिको छ । यस्तो ग्यास चट्टानका पत्रमा च्यापिएर रहने भएकाले यसलाई निकाल्न निकै कठिन हुन्छ । व्यावसायिक प्रयोजनका लागि निकाल्न चट्टान फोडेर ग्यास निकाल्नुपर्ने चुनौती छ । दैलेखमा परापूर्वकालदेखि ज्वाला बल्दै आएका श्रीस्थान, नाभीस्थान, पादुका र तल्लो डुङ्गेश्वर क्षेत्रलाई आधार मानेर २०७६ असोजदेखि अन्वेषण सुरु गरिएको थियो । फागुन २१ मा हुन लागेको निर्वाचनमा पनि दैलेखका राजनीतिक दलले यो ग्यास उत्खननलाई आफ्नो मुख्य चुनावी एजेण्डा बनाएका छन् ।

# रातो बाँदर पुनः कृषि हानिकारक वन्यजन्तु घोषित



साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ सरकारले जंगली रातो बाँदरलाई पुनः कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको छ । वन तथा वातावरण मन्त्रालयले दोस्रोपटक जंगली रातो बाँदरलाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको हो ।

बिहीबार राजपत्रमा प्रकाशित सूचनाअनुसार प्रकाशन भएको मितिले एक वर्षसम्मका लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरिएको हो । कृषि वन्यजन्तु घोषणा भएसँगै जंगली रातो बाँदरले निजीखेत, खला, बारीमा आई क्षति पुऱ्याउने अवस्था भए त्यस्तो खेत, खला, बारीका धनीले तोकिएको सर्तका आधारमा विनाअनुमति धपाउन, पक्रन र लखेट्न सक्नेछन् । सोहीक्रममा रातो बाँदरको मृत्यु भएपनि कारबाही हुने छैन । तर, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षणक्षेत्र वा राष्ट्रिय वनक्षेत्रमा जंगली बाँदरलाई धपाउन, लखेट्न वा पक्रन पाइँदैन ।

सरकारले यसअघि गतवर्ष माघमा जंगली रातो बाँदरलाई पहिलोपटक कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको थियो । अहिले बालीनालीमा जंगली बँदेल र बाँदरको आक्रमण कृषकका लागि टाउको दुखाइको विषय बनेको छ । वन मन्त्रालयका अनुसार जंगली रातो बाँदरले किसानको खेतबारीमा आई बालीनाली वा जनधन हानि नोक्सानी पुऱ्याए किसान एक्लै वा सामूहिकरुपमा त्यस्तो बाँदरलाई धपाउन, लखेट्न वा पक्रन सक्ने छन् । रातो बाँदर पक्रिए त्यो बाँदर सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष वा संरक्षणक्षेत्रको कार्यालय, डिभिजन वन कार्यालय वा मातहत नजिक कार्यालयमा बुझाउनुपर्ने छ ।

बाँदर धपाउने क्रममा मऱ्यो भने सम्बन्धित वडाका कम्तिमा एकजना प्रतिनिधिसहित स्थानीय पाँच व्यक्तिको रोहबरमा गाड्न पाइने भएको छ । त्यसको जानकारी निकुञ्ज वा वन कार्यालयमा गराउनुपर्ने छ । स्थानीय तहको वडामा समेत त्यसको जानकारी गराउनुपर्ने छ । रातो बाँदर मारिएमा कार्यालयले हरेक दुई दुई महिनामा मन्त्रालयमा विवरण पठाउनुपर्ने छ । राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा राष्ट्रिय वनक्षेत्रमा भने जंगली रातो बाँदरलाई धपाउन, लखेट्न र पक्रन पाइँदैन ।

# चुनाब जिताएर सेवा गर्ने मौका दिन डीनाको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ नेपाली कांग्रेसको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार महालक्ष्मी उपाध्याय (डीना) ले यसपटक चुनाब जिताएर सेवागर्ने मौका दिन आग्रह गरेकी छून् ।

बिहिबार नेपाली काँग्रेस बागमाती गाउँपालिका वडा नम्बर ७, पाथीभरास्थित आयोजित क्रियाशील सदस्यसँगको छलफलमा उनले सो कुरा बताएकी हुन् । उनले बदलिएको कांग्रेसले मुलुक बनाउने अभियानका साथ देशभरको सबै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको बताइन् । पटकपटक चुनाव हार्दा पनि मकवानपुरको विकासमा निरन्तर लागिपरेको बताउँदै उनले यसपटक जितेर सँगसँगै काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले भनिन्, 'म दिने ठाउँमा नपुग्दा पनि जिल्लाको विकास र समृद्धिका लागि निरन्तर लागिपरें । यो पटक जितेर जनतासँग ५ वर्ष सँगसँगै रहेर काम गर्नेछु ।'

बागमती गाउँपालिका-७ का कांग्रेस सभापति फष्टबहादुर श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा कांग्रेसका मकवानपुर जिल्ला सहसचिव इन्दिरा न्यौपाने, महिलानेतृ रीता खनाल, जिल्ला सदस्य शेरबहादुर रानामगर, कांग्रेस बागमती प्रदेश समिति सदस्य



भक्तबहादुर राईलगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा विभिन्न पार्टी परित्याग गरेर २० जना नेपाली कांग्रेसमा प्रबेश गरेका थिए । उनीहरुलाई प्रमुखअतिथि, विषेश अतिथिलगायतले पार्टीमा स्वागत गरेका थिए ।

कार्यक्रम अगाडि उम्मेदवार डीनाले पाथीभरास्थित करिब दुई महिनादेखि बिरामी परेर बसेकी ५० वर्षीया रिता राईलाई भेटेकी थिइन् । प्रेशरले हानेर लड्दा टाउको पछाडिको भागमा रगत जमेर हिड्न, उठ्न नसक्ने अबस्थामा रहेकी राईसँगको भेटको क्रममा उनका श्रीमान ज्ञानबहादुर राईले आफू यसअघि अन्य पार्टीमा रहेको तर, पार्टीबाट आफ्नो श्रीमतीलाई उपचारको क्रममा कुनै सहयोग नगरेको भन्दै दुःख व्यक्त गरेका थिए । उम्मेदवार डीनाले रिताको उपचारको लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

उनले बिरामी रितालाई पनि चाँडै नै निको हुने र हार नमान्न आग्रह गरिन् । यस्तै बिहिबार बागमती गाउँपालिका-४ झुरझुरे र बकैया गाउँपालिका-४ ठुलोथलीमा भेटघाट कार्यक्रम रहेको थियो । झुरझुरेको कार्यक्रम कांग्रेसका वडासभापति सोमबहादुर घिसिङ र ठुलोथलीको कार्यक्रम सुनिल भोम्जनको अध्यक्षतामा भएको हो ।



साझाकुरा

## हाम्रो कुरा

# निर्वाचनमा बालबालिका प्रयोग

बिगतका निर्वाचनमा बालबालिकाको प्रयोग ब्यापक रुपमा हुने गरेको थियो । आमसभादेखि, र्‍याली, प्रचारप्रसार आदि कार्यमा बालबालिकाको प्रयोग भएका थिए । आसन्न निर्वाचनको सन्दर्भमा बालअधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संघसंस्थाले निर्वाचन प्रचारप्रसारका क्रममा बालबालिकाको प्रयोग नगर्न राजनीतिक दल तथा उम्मेदवारलाई अपिल गरेका छन् । नेपालको संविधान २०७२, बालबालिकासम्बन्धी ऐन २०७५, बालअधिकारसम्बन्धी महासन्धि १९८९, राष्ट्रिय बालबालिका नीति २०८० तथा दिगो विकास लक्ष्यलगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार बालबालिकाको हकहित र अधिकार संरक्षणमा राज्य प्रतिबद्ध रहेको स्मरण गराउँदै उनीहरुले निर्वाचन गतिविधिमा बालबालिकाको प्रयोग/दुरुपयोग भइरहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । बिगतका निर्वाचनमा राजनीतिक दलहरुले बालबालिकालाई बिभिन्न प्रलोभन देखाएर चुनाव प्रचारमा लगाउने गरेका थिए । पछिल्लो समय यो क्रम केही न्यूनीकरण भने भएको छ ।

बालमैत्री स्थानीय शासन, स्थानीय तह, प्रदेश र संघले बालबालिकाका लागि निश्चित प्रतिशत बजेट अनिवार्य विनियोजनको व्यवस्था, विद्यालयलाई शान्तिक्षेत्र, पोषण कार्यक्रम, बालबालिकाको मानसिक स्वास्थ्य, सबै विद्यालयमा एक कम्प्यूटर शिक्षकको दरबन्दीको व्यवस्था, अर्थपूर्ण बालसहभागिता, न्यायमा पहुँच र बालमैत्री न्यायप्रणाली, अपाङ्गता भएका बालबालिका र समावेशिता, बालबालिका र वातावरण, साइबर अपराधबाट बालबालिकालाई संरक्षण, बालहेल्पलाइन सेवा, बालबालिका खोजतलास समन्वय सेवालाई स्रोतसाधन सम्पन्न बनाई विस्तार गर्ने, बालसुधार गृहको उचित ब्यवस्थापन लगायतका विषय ज्ञापनपत्रमा समावेश गरिएको छ । नागरिक समाजका प्रतिनिधिले नेकपा (केन्द्रीय सदस्य) प्रल्हाद लामिछाने, रास्वपा जिल्ला सल्लाहकार विष्णु दाहाल, राप्रपा मकवानपुर अध्यक्ष शिवराम थापा, नेकपा एमाले जिल्ला उपाध्यक्ष हिदम लामा, नेपाली कांग्रेस जिल्ला प्रवक्ता अर्जुन चौलागाईं तथा जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्र बुझ्दै राजनीतिक दलका प्रतिनिधिले बालअधिकार संरक्षणका लागि सचेत रहने प्रतिबद्धता व्यक्त गरेका छन् । सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा बालबालिकालाई आमसभा, जुलुस तथा प्रचारप्रसार कार्यक्रममा सहभागी गराइएको घटना सार्वजनिक भइरहेको उल्लेख गर्दै विज्ञप्तिमा यस्तो कार्य बालबालिकासम्बन्धी कानून र निर्वाचन आचारसंहिता २०८२ विपरीत रहेको स्पष्ट पारिएको छ । निर्वाचन आचारसंहिता २०८२ को परिच्छेद २ को दफा ४ (ग) र (छ) तथा परिच्छेद ४ को दफा १३ (ट) ले शैक्षिक संस्था प्रयोग गरी प्रचारप्रसार गर्न तथा बालबालिकालाई निर्वाचन प्रचार, आमसभा र जुलुसमा प्रयोग गर्न निषेध गरेको छ । नागरिकसमाजका प्रतिनिधिले राजनीतिक दललाई निर्वाचन घोषणापत्रमा बालबालिकासम्बन्धी सवाललाई प्राथमिकतामा राख्न पनि आग्रह गरेका छन् ।

बालअधिकारका चार आधारभूत सिद्धान्त (गैरविभेद, सर्वोत्तम हित, दीर्घजीवन तथा विकास र बालसहभागिताको सम्मान) कार्यान्वयनका लागि आवश्यक ऐन, नीति तथा बजेट व्यवस्था गर्नुपर्ने बताएका छन् । सबै तहका सरकारले बालबालिकाका लागि निश्चित बजेट विनियोजन, बालमैत्री स्थानीय शासन, गुणस्तरीय तथा निःशुल्क शिक्षा, पोषण कार्यक्रम विस्तार, मानसिक स्वास्थ्यसेवा, बालमैत्री न्याय प्रणाली, अपाङ्गता भएका बालबालिकाका लागि समावेशी सेवा तथा डिजिटल सुरक्षालगायत विषय घोषणापत्रमा समावेश गर्न माग गरिएको छ । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्न, बाल हेल्पलाइन १०९८ र बालबालिका खोजतलास समन्वय सेवा १०४ लाई स्रोतसाधन सम्पन्न बनाउन तथा बालसंरक्षण प्रणाली सुदृढीकरणका लागि राष्ट्रिय बालअधिकार आयोग गठन गर्नुपर्ने अपिलमा उल्लेख गरिएको छ । नागरिकसमाजले निर्वाचन प्रक्रिया स्वच्छ, बालमैत्री र कानूनसम्मत बनाउन सबै पक्षलाई जिम्मेवार बन्न आग्रह गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन २ गते शनिबार १४ फेब्रुअरी २०२६ । द्वादशी, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:४४ सूर्यास्त ५:५३ । प्रणय दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : साझेदारी कार्यमा विवाद | **तुला** | : स्थानान्तरण हुनसक्ने |
| **वृष** | : दैनिक आयमा कमी | **वृश्चिक** | : दुस्चिन्ताले पिरोल्ने |
| **मिथुन** | : मांगलिक कार्य सम्पादन | **धनु** | : यात्रामा भयले सताउने |
| **कर्कट** | : कार्यमा बाधा | **मकर** | : उपचार खर्च वृद्धि हुने |
| **सिंह** | : आकस्मिक लाभ हुने | **कुम्भ** | : मानसम्मान मिल्ने |
| **कन्या** | : अर्थहानि हुने | **मीन** | : जोस एवम् जांगर बढ्ने |

# चुनावी माहोल र मतदाता



✍ केशव अधिकारी

आउँदो फागुन २१ गते सम्पन्न हुने चुनावका लागि सबैजसो राजनीतिक दलका उम्मेदवारहरू भोट माग्ने काममा लागेका विभिन्न सञ्चारमाध्यमबाट देख्न र सुन्न सकिन्छ । नयाँ जोगीले धेरै खरानी घस्ने भएजस्तै चुनावमा उम्मेदवार बनेका व्यक्तिहरू अनेक थरीका नाटक मञ्चन गर्दै मत आफ्नो पक्षमा पार्ने प्रयत्नमा लागेका छन् । हरेकजसो उम्मेदवारले आफूले जित्ने दाबी गर्दै गरेको अवस्था विद्यमान छ । पुराना राजनीतिक दलका उम्मेदवारले पुरानो बाजेको पेडा भनेर मिसावट भएको पेडा उपभोक्तालाई फसाएर बेचेजस्तै तरिकाले आफूले जसरी भए पनि जित्ने दाउमा लागेका छन् । यसका लागि आफ्नो क्षेत्रका मतदाताको घरघरमा गएर उनीहरूलाई काम सघाइदिएको नाटक राम्रैसँग मञ्चन गर्दै छन् ।

उम्मेदवारको यो नाटकले मतदाता कतिको हदसम्म प्रभावित भएर तत्-तत् उम्मेदवार लाई भोट हालेर जिताउलान् ? भन्ने कुराको ठोकुवा गर्न सकिने अवस्था छैन । यसभन्दा अगाडि पनि चुनावहरु धेरै पटक भए, जनताले अपेक्षित मतदान गरेर उनीहरुलाई जिताए तथापि उनीहरू सबैजसोले नाराअनुसारका काम गर्न नसकेर उनीहरूका आफ्नै प्रतिबद्धतालाई आफैँले असत्य भनाइ वा असत्य नाराको रुपमा साबित गरिदिए । पहिलेको चुनावमा जितेकाले पछिका चुनावमा हार बेहोर्नुपरेको थियो वा उनीहरूले असत्य नारा लगाउँदै आएका हुनाले हार बेहोर्नुपरेको थियो । अहिलेको चुनावमा पनि उनीहरूमध्ये केही थोरै प्रतिशत उम्मेदवारले जनतालाई झुटो आश्वासन नबाँडे पनि करिब ९० प्रतिशत उम्मेदवारले विनालाज झुटो आश्वासन बाँडेर भोट आफ्नो पक्षमा खसाल्ने दाउमा लागेका देखिन्छन् । चुनावमा जसरी जिते पनि आफ्ना दिन फर्कन्छन् भन्ने मानसिकतामा बाँचेका छन् ।

जेन्जी विद्रोहपछिका दिनमा आम मतदातामा फर्केको चेतले पनि केही प्रतिशत काम गर्ला भन्ने विश्वास आँकलन गर्न सकिन्छ । आउँदो फागुन २१ को चुनावमा शायदै बूढा पुस्ताबाहेक र आफ्ना विश्वासपात्र ठानिएका कार्यकर्ताबाहेक अरु युवा पुस्ताले पुराना राजनीतिक दलका उम्मेदवारलाई भोट दिन अवश्य पनि हिच्किचाउने अवस्था बन्नेछ । युवा पुस्ता भएर पनि काम गर्न नसक्ने, भ्रष्टाचार गर्नेजस्ता कुकर्ममा लागेका उम्मेदवारलाई भोट दिएर विजयी बनाउँदाका नकारात्मक प्रभावका बारेमा सचेत नहुनाले पनि अक्षम उम्मेदवारले भोट पाउन सक्ने अवस्था आउन सक्छ ।

हालको चुनावी माहोललाई नियाल्दा अहिले ९० प्रतिशत उम्मेदवारले मतदातासमक्ष नचाहिँदा बकबास सुनाएरै भोट माग्दै गरेको अवस्था छ । जुन उम्मेदवार तत्-तत् विषयमा अनभिज्ञ भएरै पनि मतदातालाई लट्याउन र मत आफ्नो पक्षमा पार्ने हर्कत गरिरहेका छन् । कोही उम्मेदवारले आफूले चुनावमा हार बेहोर्नुपरेको खण्डमा चुनाव नै अमान्य भनेर घोषणा गरिदिने धम्की दिँदै गरेको पनि देख्न र सुन्न पाइँदै थियो ।

उनको त्यो हास्यास्पद अभिव्यक्तिले केही बुझेका मतदाताका लागि अझै हाँसो थपेको हुनुपर्छ । कोही मतदाताले ती उम्मेदवारसँग जागिर माग्दै गर्दा अबको चुनावमा आफूले जित्न पाए उद्योग खोलिदिने अनि सोही उद्योगबाट जागिर माग्ने ती युवा मतदातालगायत अन्य युवाले समेत रोजगारी पाउने आश्वासन पस्कन पनि भ्याउँदै थिए । उनको त्यो आश्वासन केही बेरको लागि....को न्यानो बने पनि यथार्थमा आधारित होइन भन्ने कुरा अबका करिब सबैजसो मतदाताले बुझेको विषय हुनुपर्छ ।

आउँदो चुनावमा उम्मेदवार बनेका नयाँ राजनीतिक दलले गरेको वा गर्ने काम के-कस्ता होलान् ? त्यसले आम नेपाली जनता अनि नेपाल देशको समृद्धिको ढोका कसरी खोल्न सक्ला ? भन्ने प्रश्न आजको बन्दै गरेको चुनावी माहोलको पेचिलो विषय हो । त्यसैले नयाँ राजनीतिक दल र तिनका उम्मेदवारले आ-आफ्ना घोषणापत्रमा उल्लेख गरेका प्रतिबद्धतालाई राम्ररी मनन गरेर तिनको औचित्य कतिको छ ? ती विषय तिनले पूरा गर्न सक्ने हुन् वा केवल आदर्श भनाइ मात्र हो भन्ने कुराको निक्र्यौल गरेर मात्र भोट दिनु उपयुक्त हुनेछ ।

आम मतदातालाई मासु-भातमा बिक्ने, पैसामा बिक्ने, झोले वा नेताको झोला बोकिदिने अनि नेताको हँमा हँ मिलाउने तर सही वा गलत के हो ? भनेर पर्गेल्न नसक्ने, परिवर्तनको चाहना नराख्ने मानसिकता र सोही अनुसारको व्यावहारिक कर्म भएकालाई झोले भनिएको होला । यस्तै मानिसको समूहले केही बिचार नै नगरी भोट दिएर जिताउने अवस्थाबाट गुज्रँदै गएका कारण हालसम्मको नेपालको शासन जनताका पक्षमा हुन नसकेको हो भन्ने कुरा सही हुन्छ । त्यसैले हरेक राजनीतिक दलका उम्मेदवारहरू हाम्रो घरदैलोमा आएर हामीसँग भोट मागिरहँदा मासु-भातजस्ता एकपेटे खान्कीका भरमा त्यो तपाईं-हाम्रो अमूल्य मत दिएर अकार्थमा खेर फाल्नु आफैँभित्रको मूर्खतापूर्ण कर्मभन्दा अरू केही होइन ।

चुनावको अवसरमा कैयौँ चुनावी केन्द्रमा आफूले मनले खाएको वा विश्वास जितेको राजनीतिक दलको उम्मेदवारको अभावमा पनि मतदाता अन्यौलमा पर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा आ, जेसुकै होस् भन्ने लापरबाहीपूर्ण मानसिकताका कारण गलत र अक्षम उम्मेदवारलाई भोट दिएर जिताउने दिशातिर हामी लाग्छौँ । जसको परिणाम हामीभित्रको आत्मग्लानि हटेर जानुको साटो बढेर जान सक्छ । यस चुनावमा मनले खाएको वा विश्वास जितेको राजनीतिक दलको उम्मेदवार नभएमा युवा र परिवर्तनकारी मानसिकता अनि कर्म पनि सोही अनुसारको गर्न सक्ने उम्मेदवारलाई भोट दिनु बुद्धिमानी हुनेछ ।

पुराना राजनीतिक दलका अनुसार भन्ने हो भने, संसद् पुनर्स्थापना हुनुपर्ने थियो । सत्तामा रहेका दलहरुले अविराम गतिमा देश लुटेर खान पाइरहनुपर्ने हुन्थ्यो र त्यसैका लागि केही देखावटीरुपमै भए पनि चुनावी वा अन्तरिम सरकारको विरोध गरेजस्तो गरेर संसद् पुनर्स्थापनाको माग गर्दै आन्दोलन पनि गरे । तर अन्तरिम सरकारले त्यस आन्दोलनलाई मान्यता नदिएर चुनावको मिति तय गरेको हुनाले उनीहरु पनि बाध्य बनेर चुनावमा आफूले जित्ने भन्ने घमण्ड अनि दाबीका साथ चुनावी मैदानमा उत्रेका हुन् । त्यसैले चुनाव असफल बनाउने षड्यन्त्र रचना गर्न र असफल बनाउन प्रयासमा लाग्न पनि बेर लाग्दैन ।

चुनाव बिथोल्न खोज्ने जोसुकै भए पनि तिनीहरु शान्तिपूर्ण वातावरणका विरोधी हुन् अनि धमिलो पानीमा माछा मार्न पल्केका मछुवा भएकोले आम मतदाताले चुनाव सम्पन्नताको लागि स्वच्छ आत्माले आ-आफ्ना तर्फबाट पहल गर्नु पनि मतदाताको कर्तव्य हुन आउँछ । आम मतदाता भनेका देशका कर्मशील जनता हुन् । तिनै कर्मशील जनताको पसिनाले भिजेर कमाइ भएको खानेकुरा प्रत्यक्ष वा परोक्षरुपमा सेवन गरी शासकलगायतका जनतासमेत बाँच्ने र उन्नति गर्ने हुन् । तर जेन्जी आन्दोलनअगाडिको सरकारले जनताका यस्ता सकारात्मक भावनाको कदर गरेर तिनलाई कामयावी बनाउन नसकेका कारण भदौ २३, २४ गतेको आन्दोलन हुनुपरेको हो ।

यदि आगमी चुनाव सम्पन्न भएपछि पनि अनि त्यसबाट बन्ने सरकारले पनि यी विषयलाई बेवास्ता गरेका खण्डमा चुनावपछिका दिनमा अझै बृहत आन्दोलन नहोला भन्न सकिने अवस्था नै छैन । यी सबै कारणले गर्दा चुनावको बहुउपयोग गर्नको लागि सबैको सकारात्मक सहयोगको अपेक्षा राख्न सकिन्छ । आज तपाईं वा हामीकहाँ आएर केही समय शारीरिक काम सघाएजस्तो नाटके उम्मेदवारलाई पनि भोट दिनु उपयुक्त होइन । त्यस्ता उम्मेदवारको भरोसा गर्न कठिन हुनेछ । तल्लो स्थानीय स्तरदेखि केन्द्रसम्मका हरेक नेता तथा कार्यकर्ताको बानी अरुलाई ठग्ने हुन्छ । ठग्ने बानी आफैँमा घातक भएर पनि उनीहरू त्यस्तै बानीमा अभ्यस्त भइसकेका हुनाले अरुलाई ढाँट्नु वा ठग्नु सामान्य विषय बन्छ, उनीहरुका लागि ।

सचेत मतदाताले भोट दिने उम्मेदवार भनेको गफ वा भाषणले होइन कि खरो कर्मक्षेत्रमा उत्रन सक्ने वा उत्रेको हुन आवश्यक छ । चुनावी मैदानमा खडा भएका सबैजसो उम्मेदवार मध्ये सबैले नै आफूले जितेपछि देशको विकासको खाका यसरी बन्छ, यसरी कार्यन्वयन हुन्छ भनेर भुइँ तहको अध्ययनका आधारमा योजना बनाएको हुन सके उत्तम विकल्प हुने थियो । यो विकल्पले देशको उन्नतिको रथलाई सही बाटोतिर धकेलेर लैजान सहयोग गर्ने थियो । उक्त उम्मेदवार भविष्यको कुशल शासक मात्र होइन कि अथाह परिवर्तनको बाहकसमेत बन्न सक्ने थियो । हो, त्यस्तो उम्मेदवारलाई भोट दिएर जिताउनुमा पो मतदाताको मानसको गर्व बढेर जाने थियो होला । सचेत मतदाताको मानसमा यी विषयमा पनि एउटा निक्र्यौल अवश्य हुनै पर्ने हुन्छ ।

अहिलेको जेन्जी पुस्ताले रुचाएको युवा उम्मेदवार एउटा विकल्प भए पनि देशको माया नभएको र अनियमित कार्यमा लाग्न अभ्यस्त भइसकेको युवावर्ग बूढो पुस्ताभन्दा पनि अधिक राजनीतिको फोहोरी खेलाडी बन्न पुग्ने भएकोले युवा उम्मेदवार भन्दैमा विश्वास गर्न सकिने अवस्था छैन । वर्तमानको राजनीतिक माहोलमा खडा भएका ९५ प्रतिशत उम्मेदवार युवा पुस्ताका छैनन् पनि । केवल ७५ कट्दै गरेका तुलनामा ५०-६० का उम्मेदवारलाई युवा पुस्ता भनिएको मात्र हो । तिनको दिमागी चाल भनेको पुरानै र वैयाको चालमा चल्न खोज्ने हुन्छ ।

अहिले हामीलाई त्यस्तो व्यक्तिको खाँचो छ, जसले शासक बनेर भ्रष्टाचारको सफल नियन्त्रण गर्न सक्छ, जसले फोहोरी राजनीतिक माहोललाई सफा गर्दै एउटा सन्तुष्टिको विन्दुमा पुऱ्याउन सक्छ, जसले राजनीतिको मूल धारमा सबै पक्षलाई समेटेर लैजान सक्छ, त्यस्तो शासक चुन्ने अवसर हो यो । यदि त्यसो नभएर पुरानै ढाँचाको राजनीतिक फोहोरको थुप्रो बढाउने किसिमले अगाडि बढियो भने कुनै फाइदा छैन । जेन्जी आन्दोलनको औचित्य समाप्त हुने मात्र होइन कि त्योभन्दा अझै सशक्त आन्दोलनको जरुरत पर्छ । बार-बारको आन्दोलन देशले कसरी धान्न सक्ला ? भन्ने कुरो हरेक मतदाताले हेक्का राख्नै पर्ने विषय हो । उम्मेदवारका अनेक थरीका नाटकीय हाउभाउको प्रभावमा परेर यी कुराको विचार नगरी मतदान गर्नाले फेरि पनि हामीलाई ती विगतका राजनीतिक अप्ठ्याराहरूले किचिरहनेछन् । हामी कहिल्यै पनि त्यो फोहोर र कठिनाइभन्दा माथि उठेर देश र नेपाली जनताको भलाइको काममा लाग्न सक्ने अवस्थामा पुग्न सक्ने हुनेछैनौँ । त्यसकारण हरेक मतदाताले कुनै प्रभावमा नपरी आफ्नो अमूल्य मतको सदुपयोग गर्न सकियो भने त्यसले देशको भाग्य र भविष्य निर्धारणको भूमिका खेल्नेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# नवउदारवादी अर्थतन्त्रको संकट र नेपाल

✍ गणेश अम्गाई

नवउदारवादी आर्थिक नीतिले विश्वभर बजारलाई खुला बनाउँदै आर्थिक वृद्धिको सपना देखाएको भए पनि यसका सीमितताहरू स्पष्ट हुन थालेका छन् । निजीकरण र खुला व्यापारको अवधारणाले पूँजीको केन्द्रीकरण गराउँदा विश्वव्यापी रूपमा आर्थिक असमानताको खाडल डरलाग्दो गरी गहिरिएको देखिन्छ । आधारभूत सेवाहरू जस्तै शिक्षा र स्वास्थ्यमा राज्यको भूमिका खुम्चिएपछि गरिब र धनी बीचको दूरी मात्र बढेको छैन, बरु आम नागरिकमा प्रणाली प्रतिको चरम वितृष्णा समेत उत्पन्न भएको छ । आर्थिक संकट र मुद्रास्फीतिको मारमा परेका आम मानिसले अब प्रचलित अर्थनीतिले मात्र उनीहरूको जीवनस्तर सुधार्न नसक्ने महसुस गरिरहेका छन् । यही पृष्ठभूमिमा वैकल्पिक आर्थिक मोडेलहरूको खोजी हुन थालेको हो जहाँ राज्यले सामाजिक सुरक्षा र कल्याणकारी कार्यमा पुनः सक्रियता देखाउन सकोस् ।

नेपाल जस्ता कम विकसित मुलुकका लागि पाँच उत्कृष्ट वैकल्पिक आर्थिक मोडेलहरू सुझावको रूपमा अघि सार्न सकिन्छ । पहिलो, सहकारीमा आधारित समाजवाद, जसले स्थानीय पूँजी र श्रमलाई एकीकृत गर्दै समुदायको स्वामित्वमा उत्पादन वृद्धि गर्दछ । दोस्रो, संरक्षणवादी आत्मनिर्भर अर्थतन्त्र, जसले स्वदेशी कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगलाई कर छुट र सहुलियत दिएर आयात प्रतिस्थापनमा जोड दिन्छ । तेस्रो, कल्याणकारी पूँजीवाद, जहाँ शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा राज्यले पूर्ण दायित्व लिन्छ भने उत्पादनमा निजी क्षेत्रलाई प्रतिस्पर्धा गर्न दिइन्छ । चौथो, पारिस्थितिक अर्थशास्त्र, जसले वातावरण विनाश नगरी दिगो विकास र नवीकरणीय ऊर्जामा लगानीलाई प्राथमिकता दिन्छ । पाँचौं, डिजिटल र ज्ञानमा आधारित अर्थतन्त्र, जसले उच्च प्रविधिको प्रयोग गरी सेवा क्षेत्र निर्यात गर्दै बेरोजगारी अन्त्य गर्न मद्दत पुऱ्याउँछ ।

यी वैकल्पिक मोडेलहरूको सफल कार्यान्वयनका लागि नेपालले मिश्रित र सन्तुलित नीति अवलम्बन गर्नुपर्ने देखिन्छ । सरकारले केवल नियमनकारी भूमिकामा मात्र सीमित नरही रणनीतिक महत्वका क्षेत्रहरू जस्तै जलविद्युत्, पर्यटन र कृषि प्रशोधनमा प्रत्यक्ष लगानी वा सार्वजनिक-निजी साझेदारीलाई बढावा दिनुपर्छ । गाउँ-गाउँमा रहेका प्राकृतिक स्रोतको उपयोग गर्न 'एक गाउँ एक उत्पादन' जस्ता अवधारणालाई प्रविधिसँग जोडेर आत्मनिर्भरताको बाटो तय गर्न सकिन्छ । विदेशी ऋणमा आधारित ठूला पूर्वाधारभन्दा पनि आन्तरिक स्रोत परिचालन गरी रोजगारी सिर्जना गर्ने साना परियोजनाहरूले देशको अर्थतन्त्रलाई जगैदेखि बलियो बनाउन सक्छन् । यस्ता नीतिहरूले मात्रै वैदेशिक रोजगारीमा जाने युवा शक्तिलाई स्वदेशमै रोकेर आर्थिक समृद्धिको आधार तयार पार्न मद्दत पुऱ्याउनेछन् ।

नेपालमा २०४६ सालको परिवर्तन पछि अंगीकार गरिएको नवउदारवादी नीतिका कारण अर्थतन्त्रमा गम्भीर विचलन र असफलताहरू देखापरेका छन् । यसका स्पष्ट उदाहरण भृकुटी कागज र बाँसबारी छालाजुत्ता जस्ता सरकारी उद्योगहरूको हतारमा गरिएको निजीकरण र त्यसपछिको बन्दलाई लिन सकिन्छ । सार्वजनिक शिक्षा र स्वास्थ्यको गुणस्तर खस्किएर निजी क्षेत्रको व्यापार फस्टाउँदा आम नागरिक महँगो सेवा लिन बाध्य भए भने कृषिमा अनुदान कटौती र मलको अभावले खेतीयोग्य जमिन बाँझो रहन पुग्यो । स्वदेशी उत्पादन घट्दा आयातमा आधारित व्यापार घाटा चुलिनु, वैदेशिक रोजगारीलाई नै मेरुदण्ड मान्ने अदूरदर्शी नीति अपनाइनु र प्राकृतिक स्रोतको दोहन गरी सीमित बिचौलियालाई लाभ पुऱ्याइनुले यो अर्थनीति पूर्ण रूपमा विफल भएको पुष्टि गर्दछ ।

यही नीतिगत असफलताका कारण उद्योगहरू कौडीको भाउमा बेचिएपछि उत्पादनशील क्षेत्र धराशायी बन्यो र देश केवल रेमिट्यान्समा मात्र निर्भर रहने अवस्था सिर्जना भयो । बैंक र वित्तीय संस्थाहरू मुट्ठीभर उद्योगीको कब्जामा रहनु, श्रमिकको ज्याला नबढ्नु र आधारभूत वस्तुहरूमा कार्टेलिङ र सिन्डिकेट कायम रहनुले माफियाकरणलाई थप प्रश्रय दियो । बेरोजगारीको समस्याले युवा पुस्ता विदेश पलायन हुन बाध्य भइरहेका बेला दशकौंसम्म सत्ता सम्हालेका दलहरूले नवउदारवादको नाममा सीमित स्वार्थ समूहलाई मात्र पोस्ने काम गरे । परिणाम स्वरूप, परम्परागत राजनीतिक शक्तिहरूबाट ठोस परिवर्तनको आशा राखेका नेपाली जनतामा अहिले प्रचलित व्यवस्था र पुराना दलहरूप्रति चरम असन्तुष्टि र वितृष्णा चुलिन पुगेको छ ।

नेपाली कांग्रेसले देशमा प्रजातन्त्रको पुनःस्थापनापछि नवउदारवादी नीतिको नेतृत्वदायी भूमिका निर्वाह गरे पनि यसको कार्यान्वयन पक्ष निकै विवादित रह्यो । पार्टीले अघि सारेका आर्थिक सुधारहरूले मुट्ठीभरका उद्यमी र बिचौलियाहरूलाई मात्र लाभ पुऱ्यायो भने मध्यम र न्यून वर्ग आर्थिक मारमा परे । कांग्रेसको नेतृत्वमा भएका निजीकरणका प्रयासहरूले स्वदेशी उत्पादनलाई प्रोत्साहन दिनुको सट्टा परनिर्भरता मात्र बढाएको आरोप खेप्नुपरेको छ । दलको आन्तरिक लोकतन्त्र कमजोर हुनु र भ्रष्टाचारका मुद्दाहरूमा नेताहरू संलग्न देखिनुले यो पार्टीले जनताको आर्थिक मुक्ति गर्न सक्छ भन्ने विश्वास गुम्दै गएको छ । पुरानो विचार र परम्परागत कार्यशैलीले गर्दा कांग्रेस अब नयाँ पुस्ताको भावना र आजको आर्थिक चुनौतीलाई सम्बोधन गर्न पूर्ण रूपमा असफल साबित भएको छ ।

अर्कोतर्फ, साम्यवादको नारा दिने नेकपा एमाले पनि सत्तामा पुगेपछि नवउदारवादी संरचनाकै चङ्गुलमा फसेको देखिन्छ । वर्गविहीन समाजको कल्पना गर्ने पार्टीले पूँजीवादी दलालहरूसँग साँठगाँठ गरेको र नीतिगत भ्रष्टाचारलाई प्रश्रय दिएको अनुभव जनताले गरिरहेका छन् । नेकपा एमालेको राष्ट्रवाद र समृद्धिको नारा केवल चुनावी नारामा मात्र सीमित भयो र व्यावहारिक रूपमा यसले जनताको दैनिक जीवनमा कुनै तात्विक परिवर्तन ल्याउन सकेन । पार्टीभित्रको व्यक्तिवादी सोच र सत्ताको लुछाचुँडीले गर्दा देशको आर्थिक प्राथमिकताहरू सधैं छायाँमा परे । परिणामस्वरूप, एमालेले पनि आफूलाई वैकल्पिक शक्तिको रूपमा उभ्याउन सकेन र परम्परागत अस्थिरताको कारकको रूपमा मात्र जनतामाझ स्थापित हुन पुग्यो ।

नेपाली राजनीतिमा ठूलो उथलपुथल ल्याएको नेकपा माओवादीको अवस्था पनि उस्तै निराशाजनक देखिएको छ । युद्धको माध्यमबाट आमूल परिवर्तनको सपना बाँडेको यो शक्ति शान्ति प्रक्रियामा आएपछि सत्ताको फोहोरी खेलमा नराम्ररी रुमलिन पुग्यो । सर्वहारा वर्गको हित दाबी गर्ने माओवादी नेताहरू नै विलासी जीवनशैली र शक्ति सैर्षमा केन्द्रित भएपछि कार्यकर्ता र जनतामा तीव्र नैराश्यता छायो । संघीयता र समावेशिता जस्ता उपलब्धिहरूलाई संस्थागत गर्ने नाममा भ्रष्टाचार र अनियमितता मौलाउनुले माओवादीको साख पूरै गिराएको छ । जनताका वास्तविक समस्याहरू भन्दा पनि सत्ताको अंकगणितमा मात्र ध्यान दिने प्रवृत्तिले माओवादी अब सान्दर्भिक राजनीतिक शक्तिको रूपमा रहन नसक्ने अवस्थामा पुगेको छ ।

यी तीनवटै पुराना दलहरू कांग्रेस, एमाले र माओवादीको कार्यशैली र विचारको असफलताले नै नेपाली राजनीतिमा रिक्तता सिर्जना गरेको हो । यी दलहरूले कहिल्यै पनि देशको मौलिक आवश्यकता अनुसारको आर्थिक खाका तयार पार्न सकेनन् र केवल विदेशी मोडलहरूलाई अन्धाधुन्ध पछ्याइरहे । नेतृत्वमा देखिएको अकर्मण्यता, नीतिगत विचलन र जनताप्रति उत्तरदायित्वको अभावले गर्दा आम नागरिकले अब यी शक्तिहरूबाट सुधारको अपेक्षा गर्न छोडिसकेका छन् । भ्रष्टाचारका ठूला काण्डहरूमा तीनै दलका शीर्ष नेताहरूको नाम मुछिनुले उनीहरूको नैतिक धरातल पूर्ण रूपमा समाप्त भएको देखिन्छ । यही निराशाको जगमा उभिएर नेपाली जनताले अब नयाँ सोच र नयाँ अनुहारको खोजी गर्न थालेका हुन् ।

यही राजनीतिक सङ्क्रमण र असन्तुष्टिको बीचमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदय एक शक्तिशाली विकल्पको रूपमा भएको छ । पुराना दलहरूको सिन्डिकेट र भ्रष्टाचारले वाक्क भएका जनताले रास्वपालाई आशाको एउटा किरणको रूपमा स्वीकार गरेका छन् । छोटो समयमै यो दलले प्राप्त गरेको लोकप्रियताले के स्पष्ट पार्छ भने नेपाली समाज अब परम्परागत राजनीतिबाट मुक्त हुन चाहन्छ । सुशासन र डेलिभरीलाई मुख्य एजेन्डा बनाएको यो शक्तिले युवा पुस्ता र शहरी मतदाताको मन जित्न सफल भएको छ । रास्वपाको उदयले पुराना दलहरूलाई ठूलो धक्का दिएको छ भने राजनीतिमा अब केवल नाम र इतिहासले मात्र पुग्दैन, बरु काम र परिणाम नै चाहिन्छ भन्ने सन्देश प्रवाह गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले परम्परागत राजनीतिक दलहरूले गर्दै आएको भागबन्डा र नातावादको राजनीतिलाई चुनौती दिने प्रयास गरेको देखिन्छ । यसले प्राविधिक दक्षता, जवाफदेहिता र पारदर्शितालाई आफ्नो मुख्य मन्त्र बनाएको छ, जुन आजको समयको माग पनि हो । पुराना दलहरूले जस्तो केवल भाषणमा मात्र सीमित नरही यसले जनताका गुनासाहरूलाई प्रत्यक्ष सम्बोधन गर्ने र सुशासनको प्रत्याभूति दिने दाबी गर्दै आएको छ । यदि यो दलले आफ्नो स्पष्ट आर्थिक कार्यदिशा तय गर्न सक्यो र केवल विरोधमा मात्र सीमित नभई विकल्प दिन सक्यो भने यसको भविष्य अझ उज्ज्वल र हने निश्चित छ । नेपाली जनताले अब भावनामा बगेर भन्दा पनि तर्क र तथ्यका आधारमा नेतृत्व छनोट गर्न शुरु गरेको यो सुखद सङ्केत हो । नेपालको अहिलेको मुख्य चुनौती भनेको नवउदारवादले निम्त्याएका समस्याहरूलाई समाधान गर्दै एउटा मौलिक र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु हो । पुराना दलहरू असफल हुनुको पछाडि उनीहरूले कहिल्यै पनि नेपाली माटो सुहाउँदो आर्थिक विकासको बाटो खोज्न नसक्नु नै प्रमुख कारण हो ।

*(साभार: अनलाइनखबर)*

## टी-२० विश्वकप २०२६ :

# सुध्रन नसकेको मिडल अर्डर ब्याटिङ



मुम्बई/नेपाली क्रिकेट टोलीले ब्याटिङमा संघर्ष गर्न थालेको धेरै समय भयो । पहिल्यैदेखि नेपाली क्रिकेटको बलियो पक्षका रूपमा बलिङ रहँदै आएको छ । नेपालले धेरै खेलहरू ब्याटिङ राम्रो नगर्दा नगर्दै पनि बलिङको भरोसामा जितेको उदाहरणहरू छन् । तर सधैं बलिङकै भरोसामा पनि खेल जित्न सकिँदैन, कन्डिशनदेखि पिचसम्म सबै कुरा मिलेको हुनुपर्छ ।

टी-२० विश्वकपअन्तर्गत बिहीबार भएको इटलीसँगको खेलमा पनि नेपालको फितलो ब्याटिङपछि बलिङमा केही चमत्कार गर्छ कि भन्ने आशाले समर्थकहरू मैदानबाट बाहिर निस्किएका थिएनन्, अन्तिम बलसम्म पनि कुरिरहे तर कुनै जादु भएन । नेपालले इटलीविरुद्ध टस हारेर पहिले ब्याटिङको निम्तो पाएको थियो । धेरैको अनुमान थियो, इटली कमजोर छ नेपालले राम्रो योगफल बनाएर डिफेन्ड गर्छ भन्ने । तर त्यो दुवै हुन सकेन । नेपालले न राम्रो योगफल बनायो, न डिफेन्ड नै गर्‍यो ।

वाङ्खेडेजस्तो ब्याटिङ फ्रेन्डली मैदानमा नेपालले २० ओभर पनि खेल्न सकेन, ३ बल बगावै १२३ रनमा अलआउट भयो । यो औसतभन्दा पनि कम योगफल हो । इटलीको स्पीन बलिङमा फसेको नेपाली टोलीले दोस्रो इनिङमा भने आफ्नो स्पीन जादु देखाउन सकेन । नेपालले कुनै विकेट पनि लिन सकेन, खेल १० विकेटले गुमायो ।

बिहीबार फेरि पनि नेपालको ब्याटिङ फितलो देखियो अनि त्यसमाथि पनि मिडल अर्डरमा त जिम्मेवारी नै देखिएन । यो समस्या हल नभएमा नेपालले आगामी खेलमा पनि संघर्ष गर्ने देखिन्छ ।

**गैरजिम्मेवार शट सेलेक्सन**

नेपाली टोलीले बिहीबार पावरप्लेमै राम्रो सुरुवात गर्न सकेको थिएन । सुरुवाती ३ ओभरमा १० रन मात्र जोडेको नेपालले त्यसपछिको ३ ओभरमा ३६ रन जोडेर १ विकेट गुमाउँदा पावरप्लेमा ४६-१ अवस्थामा थियो ।

त्यसपछि थप ३ रन जोड्दा कप्तान रोहित पौडेल र आसिफ शेख पनि आउट भएपछि नेपाल ४९-३ को अवस्थामा पुगेको थियो । त्यहँबाट दीपेन्द्रसिंह ऐरी र आरिफ शेखले ४४ रनको साझेदारी गर्दै नेपाललाई सम्हाले पनि त्यसपछि नेपालको ब्याटिङ कोल्याप्स भयो ।

९३-३ को अवस्थाबाट नेपाल १०२-८ को अवस्थामा पुग्यो । नेपालको मिडल अर्डर पूर्णरूपमा धराशायी देखियो । खेलाडीहरूले साझेदारी बनाउने प्रयास नै नगरी ठूलो शटतर्फ मात्र ध्यान दिँदा नेपालले निरन्तर विकेट गुमाएको थियो ।

खेलपछि कुरा गर्दै नेपालका ब्याटर आरिफ शेखले बिहीबारराम्रो खेल्न नसकेको स्वीकार गरे । 'हामी आज राम्रो खेल्न सकेनौं, हाम्रो स्तर यो होइन । हामीले बीचमा धेरै विकेट गुमायौं, १८० रन सम्म बनाउनु पर्ने थियो' आरिफले खेलपछि भनेका थिए ।

यस्तै कप्तान रोहित पौडेलले पनि अपेक्षाअनुसार ब्याटिङ गर्न नसकेको स्वीकार गरे । 'आज इटलीले हामीलाई भन्दा राम्रो खेल्यो । विशेषगरी ब्याटिङमा हामी चुकेका छौं । १२३ रनको विकेट होइन जस्तो लाग्यो, हामी १६०-१७० वरिपरि पुग्ने सोचमा थियौं तर निकै खराब ब्याटिङ गर्‍यौं, यसलाई स्वीकार्न लाज मान्नु पर्दैन' रोहितले खेलपछि भने ।

खेलाडीले ब्याटिङ अपेक्षाअनुसार गर्न नसकेको भनेर खेलाडीले भनिरहँदा लामो समयदेखि समस्याका रूपमा रहेको नेपालको मिडल अर्डर ब्याटिङ सुने संकेत भने देखिएको छैन । आरिफले प्रशिक्षकबाट नेचुरल गेम खेल्ने सुझाव भएको र बीचमा एक विकेट गएपछि नेपाल सम्हालिन नसकेको बताए । इटलीलै कन्डिशनको राम्रो प्रयोग गरेको भन्दै आरिफले इटलीले गरेको प्रदर्शनको प्रशंसा गरे ।

यस्तै लेगस्पीनर सन्दीप लामिछानेले पनि इटलीले राम्रो क्रिकेट खेलेको र नेपालको खराब दिन रहेको टिप्पणी गरे । नेपालले सन् २०२१ मा टी-२० विश्वकप छनोटमा ओमानविरुद्ध ११७ रन डिफेन्ड गरेको प्रसंगबारे जवाफ दिँदै सन्दीपले कन्डिशन त्यहाँ अर्कै रहेको र वाङ्खेडेमा त्यस्तो परिस्थिति नरहेको बताए ।

**बाँकी दुई खेल जित्नैपर्ने दबाब**

पहिलो खेलमा इंग्ल्यान्डसँग शानदार ब्याटिङ गरेर चर्चा कमाएको नेपालले दोस्रो खेलमा भने सोही लय दोहोर्‍याउनै सकेन । यसकारण नेपालको अब सुपर ८ मा पुग्ने सम्भावना कमजोर बनेको छ । इटलीसँग पराजित भए पछि नेपाल अब बाँकी दुवै खेल जित्नैपर्ने दबाबमा पुगेको छ । समूह 'सी' मा जितविहीन नेपाल मात्र रहँदा सबै टोलीले कम्तीमा एक जित निकालेका छन् ।

इटलीले नेटरनरेटमा इंग्ल्यान्डलाई पनि पछि पार्दै तेस्रो स्थानमा उक्लेको छ । वेस्ट इन्डिज लगातार दुई जितसहित शीर्षस्थानमा छ भने स्कटल्यान्ड दोस्रो स्थानमा छ । नेपालले अब आगामी आइतबार वेस्ट इन्डिजसँग खेल्दै छ । वाङ्खेडेमै हुने उक्त खेल नेपाललाई जित्नैपर्ने दबाब रहनेछ । नेपालले त्यसपछिको अन्तिम खेल पनि जितेर अन्य नतिजामा पनि भर पर्नुपर्ने अवस्था बनिसकेको छ ।

आरिफले आगामी खेलमा कमजोरी सुधार गर्दै राम्रो प्रदर्शन गर्ने बताएका छन् ।

*(स्रोतः अनलाइनखबर)*

## सुरक्षा व्यवस्था चुस्त बनाउन प्रधानमन्त्री कार्कीको निर्देशन

# निर्वाचनको तयारी अन्तिमचरणमा



साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले मुलुकभर निर्वाचनको लागि सुरक्षा व्यवस्था चुस्त बनाउन निर्देशन दिएकी छिन् ।

सुनसरीमा कोशी प्रदेशको वस्तुस्थितिबारे जानकारी लिँदै उनले यस्तो निर्देशन दिएकी हुन् । उनले निर्वाचनको माहोल उत्साहजनक रहेको र सुरक्षानिकाय तथा प्रशासनिकक्षेत्रको तयारी प्रशंसनीय रहेको बताइन् । सुनसरी, मोरङ, सोलुखुम्बु र भोजपुरलगायत जिल्लाको स्थलगत निरीक्षण र वस्तुस्थिति बुझेपछि उनले मंसिर २१ गते हुने मतदानको सम्पूर्ण तयारी करिव पूरा भएको उल्लेख गरिन् । सुनसरी र मोरङका प्रमुख जिल्ला अधिकारीको रिपोर्टिङ र कार्य सम्पादनको मूल्यांकन गर्दै कार्कीले छोटो समयमा धेरै काम भएको बताइन् ।

निर्वाचन आयोगले निर्वाचन घोषणा भएको भोलिपल्टदेखि नै निकै मेहनतकासाथ काम अघि बढाएको र अब २१ गतेको मतदान मात्र बाँकी रहेको जस्तो देखिएको उनको भनाइ छ । जिल्लाजिल्लामा तयारीका क्रममा केही कठिनाइ भएपनि हालसम्मको प्रगति सन्तोषजनक रहेको उनले उल्लेख गरिन् । 'यो छोटो समय हो एकदमै छोटो समय छ, हुन त निर्वाचन आयोगले घोषणा भएको दिनदेखि नै काम सुरु गर्‍यो' प्रम कार्कीले भनिन् ।

'सबै कुरो भइसक्यो अब २१ गते भोट कास्टिङ मात्रै हुने अवस्था बाँकी रह्यो' उनले भनिन् 'एकीकृतरुपबाट यो जेनजीको मुभमेन्ट पछि नारा जुलुस छैन, कसैले कसैलाई गालीगलौज गरेको पनि त्यति छैन त्यस्तो केही देखिँदैन ।' सोलुखुम्बुको सल्लेरी र भोजपुरको स्थलगत भ्रमणको चर्चा गर्दै कार्कीले ती क्षेत्रहरु भारतीय सीमासँग नजोडिएकाले सुरक्षाका दृष्टिले तुलनात्मक रुपमा शान्त रहेको बताइन् । सुरक्षा निकायले एकीकृत रुपमा गरिरहेको गस्ती र मुभमेन्टले सुरक्षा प्रत्याभूतिमा मद्दत पुर्‍याएको उनको विश्लेषण छ ।

यद्यपि उम्मेदवारबीचको हारजितको टक्करले उत्पन्न हुनसक्ने विवाद र फर्जीमत रोक्न विशेष शतर्कता अपनाउनुपर्नेमा उनले जोड दिइन् ।

निर्वाचनमा भाग नलिने समूह र दुर्गा प्रसाईं नेतृत्वको आन्दोलन जस्ता पक्षले केही व्यवधान सिर्जना गर्न सक्नेतर्फ संकेत गर्दै कार्कीले सुरक्षा व्यवस्थालाई कडा बनाउनुपर्ने बताइन् । सीमावर्ती क्षेत्रमा छिमेकी मुलुकको सहयोग र आपसी समन्वयले सुरक्षा नियन्त्रणमा सहज हुने उनको विश्वास छ ।

# चुनावको मुखमा ज्ञानेन्द्रको स्वागतका नाममा किन तात्दैछन् राजावादी ?

काठमाडौँ/प्रतिनिधि सभा निर्वाचन आउन तीन सातामात्र बाँकी हुँदा पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतका नाममा राजावादीहरूले एकाएक सक्रियता बढाएका छन् । हाल झापामा रहेका पूर्वराजा शाह शुक्रबार काठमाडौँ फर्किने तय भएसँगै राजावादीहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'भव्य' स्वागतको तयारी गरेका हुन् ।

राजावादीको यो तयारीले राजनीतिक वृत्तमा चासो बढ्नुका साथै सम्भावित मुठभेडको स्थितिले सुरक्षा चुनौती बढाएको छ । राजावादीले आफ्नो शक्ति देखाउने गरी पूर्वराजाको स्वागत गर्न लागेपछि जिल्ला प्रशासन कार्यालय काठमाडौँले एक सूचना जारी गर्दै विमानस्थल प्रवेश गर्ने गोल्डेन गेटदेखि विमानस्थल परिसर क्षेत्रभित्रको सम्पूर्ण सडक, आन्तरिक टर्मिनल क्षेत्र, पार्किङ क्षेत्र लगायतको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हाताभित्रको सम्पूर्ण क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला भई प्रदर्शन गर्न रोक लगाउने आदेश जारी गरिसकेको छ ।

सूचना हेर्दा विमानस्थल आसपासको क्षेत्रमा राजावादीलाई जान नदिने रणनीतिमा प्रशासन रहेको देखिन्छ । तर बिहीबार आयोजित पत्रकार सम्मेलनमा राष्ट्र, राष्ट्रियता, धर्म-संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले निषेधित क्षेत्र घोषणा गरिए पनि पूर्वराजाको भव्य स्वागत भइछाड्ने दाबी गरे । उनले सरकारले निषेधित क्षेत्र घोषणा गरेर आफूहरूलाई बिथोल्ने प्रयास गरेको आरोपसमेत लगाए । निषेधित क्षेत्र घोषणामार्फत आफूहरूलाई सरकारले रोक्न नसक्ने उनको जिकिर थियो ।

'जहाँ पायो त्यही निषेधित हुन्छ ? त्यसमा पनि राजा आउने कुरामा ? राजालाई रोक्न खोजेको ?', प्रसाईंले भने, 'तिमीहरू (गृहमन्त्री र प्रधानमन्त्री)सँग दम छ भने राजालाई हतकडी लगाएर देखाऊ न !' उनले चेतावनी दिँदै अगाडि भने, 'यसले गर्दा कुनै तलमाथि भयो भने हामी भोलि नै नारायणहिटीमा राजा भित्र्याउँछौं ।' प्रसाईंले आफूहरूको आन्दोलन शान्तिपूर्ण हुने भएकाले सरकारलाई धरपकड नगर्न चेतावनी समेत दिए । उनले जेनजी आन्दोलनको जगमा नभई विदेशीको जगमा चुनाव हुन लागेको आरोप समेत लगाए ।

प्रदर्शनमा राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा, दुर्गा प्रसाईं नेतृत्वको महाभियान, नवराज सुवेदी नेतृत्वको संयुक्त जनआन्दोलन समिति सहितका राजावादी संघसंस्थाहरूको सहभागिता रहने बताइएको छ । बिहीबार नै सुवेदी नेतृत्वको संयुक्त जनआन्दोलन समितिले एक विज्ञप्ति जारी गर्दै भ्रष्टाचारको अन्त्य र सुशासन बहाली नवयुवा पुस्ताको चाहना र मागमात्र नभएर विद्यमान सङ्कट समाधानका महत्त्वपूर्ण आधार भएको जिकिर गरेको छ ।

देशले खोजेको समाधान र राष्ट्र, राष्ट्रियतासँग जोडिएका गम्भीर सवालहरू सतही हस्तक्षेपबाट मात्र प्राप्त हुन नसक्ने समितिको जिकिर छ । 'निषेधको निरन्तरताले राज्यको केन्द्रमा कायम रिक्तता पूर्ति गर्न सक्दैन । यसर्थ पृथ्वीपथ राष्ट्रको जग भन्ने यथार्थता आत्मसात् गर्दै सर्वपक्षीय सम्वाद र सहमतिका आधारमा दीर्घ समाधान खोज्नुभन्दा बाहेक अरु विकल्प हामीसँग छैन', विज्ञप्तिमा भनिएको छ । राजसंस्थाविना देश र जनताले खोजेको स्थायी निदान प्राप्त नसक्ने समितिको जिकिर छ ।

**उम्मेदवार नै आह्वान गर्दै**

फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचन तय भई आचारसंहिता समेत लागु भएको अवस्थामा राजावादीले शक्ति प्रदर्शन गरेर राजसंस्थाको पक्षमा माहोल सिर्जना गर्न खोजेको देखिन्छ । यतिमात्रै होइन, पूर्वराजालाई स्वागत गर्न राप्रपाबाट प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवार बनेकाहरू नै सक्रिय रूपले लागेको पाइएको छ । गत आइतबार राप्रपाका वरिष्ठ उपाध्यक्ष तथा काठमाडौँ क्षेत्र नम्बर १ का उम्मेदवार रवीन्द्र मिश्रले पूर्वराजा शाह झापाबाट काठमाडौँ फर्किंदा विमानस्थलमा भव्य स्वागत गर्न सार्वजनिक आह्वान गरेका थिए । उनले फेसबुकमार्फत गरेको सार्वजनिक आह्वानमा देश नवीन समझदारीतिर अग्रसर हुने सङ्केत मिल्न थालेको समेत जिकिर गरेका छन् ।

'देशलाई राजसंस्थाको छहारी चाहिने रहेछ भन्नेमा अब पुराना दलहरू पनि लगभग पुग्नै आँटिका छन् । यो एकदम सकारात्मक सङ्केत हो', मिश्रको भनाइ छ, 'राजसंस्थावादी आम सर्वसाधारण त उपस्थित हुने नै छन् । तर फागुन १ गते उपत्यका वरिपरि र अझ सकिन्छ भने देशभरिका राप्रपा र अन्य राजसंस्थावादी समूहका साथीहरू सबै एक दिनका लागि काठमाडौँ उपस्थित भइदिए स्वागत ऐतिहासिक हुने थियो । बल्ल देश नवीन समझदारीतिर अग्रसर हुने सङ्केत मिल्न थालेको छ ।'

उसो त राप्रपाले बुधबार पूर्वराजालाई स्वागत गर्ने प्रसाईंसँग छलफल गरेको थियो । सो छलफलमा राप्रपाका वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङ, रोशन कार्कीसहित नेताहरू निरञ्जन थापा, मोहन श्रेष्ठ लगायत सहभागी थिए । सो अवसरमा पूर्वराजाको स्वागत कार्यक्रमलाई सफल बनाउन मिलेर अघि बढ्नेबारे छलफल भएको बताइएको छ ।

राप्रपाकी केन्द्रीय सदस्य खुश्बु ओली पूर्वराजाको स्वागतमा सक्रियतापूर्वक पार्टीको सहभागिता रहने बताउँछिन् । यद्यपि आफू भने मध्यपहाडी लोकमार्ग केन्द्रित चुनावी प्रचारमा रहने भएकाले सहभागी नहुने उनको भनाइ छ ।

**ज्ञानेन्द्र देखाएर मत तान्ने प्रयास ?**

राप्रपाका प्रवक्ता मोहन कुमार श्रेष्ठले पूर्वराजा झापाबाट काठमाडौँ फिर्ता हुने क्रममा विमानस्थलमा स्वागत गर्न राप्रपाले संस्थागत रूपमै कार्यकर्ता र शुभेच्छुकहरूलाई परिचालन गर्न लागेको बताए । यो स्वागत कार्यक्रम राप्रपाको मात्र नभई विभिन्न राजसंस्थावादी, स्वतन्त्र समूह र अभियानहरूको साझा पहलमा हुन लागेको उनको भनाइ छ ।

श्रेष्ठले देशको वर्तमान सङ्कटपूर्ण अवस्थामा राजसंस्थालाई एक अभिभावकीय संस्थाको रूपमा अगाडि सार्नुपर्ने बेला आएको जिकिर गरे । उनले भने, 'अहिलेको संकटपूर्ण अवस्थामा एउटा अभिभावकीय संस्थाका रूपमा राजसंस्था हुनुपर्छ भन्ने बेला परिपक्व भएको छ, त्यसैले हामीले स्वागतको तयारी गरेका हौं ।'

आसन्न निर्वाचन र मत तान्ने रणनीतिका रूपमा यसलाई हेरिन नहुने श्रेष्ठको तर्क छ । यो कार्यक्रम कुनै चुनावी फाइदा वा फन्डाका लागि नगरिएको उनको जिकिर छ । 'यो चुनावसँग सम्बन्धित छैन, यो त राष्ट्रिय आवश्यकता हो', उनले भने, 'यसमा कांग्रेस, एमाले र माओवादीमा रहेका देशभक्त र राष्ट्रवादी नागरिकहरूलाई पनि सहभागी हुन हामीले आह्वान गरेका छौं ।' गत माघ दोस्रो साता पूर्वराजा जनकपुर पुगेका थिए । त्यसलगत्तै पूर्वराजा झापाको दमकमा बस्दै आएका थिए । दमकको बसाइ सकेर उनी शुक्रबार काठमाडौँ फर्किने भएसँगै र ाजावादीहरूले सोही मौकामा उनको स्वागत गर्न लागेका हुन् ।

*(स्रोतः रातोपाटी)*

# हायर पर्चेज कम्पनीले लिने ब्याजदर तोक्दा मार्जिन लेन्डिङमा ब्रोकरलाई किन तोकिएन ?

काठमाडौं/नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्ड मार्जिन कारोबार सुविधामा धितोपत्र ब्रोकरले लगानीकर्ताबाट लिन पाउने ब्याजदरको विषयमा मौन बसेका छन् । मुद्रा र पूँजीबजारका नियामक निकायले आवश्यक समन्वय अभावका कारण मार्जिन सुविधामा ब्याजदर नतोकिएको स्पष्ट देखिन्छ ।

नेपाल धितोपत्र बोर्डले बुधबार मार्जिन कारोबार सम्बन्धी निर्देशिका जारी गरेको छ । बोर्डले उक्त निर्देशिका शुक्रबार १ फागुनदेखि कार्यान्वयन हुने जनाएको छ । तर, निर्देशिकामा धितोपत्र बोर्डले ब्याजदरका सम्बन्धमा धितोपत्र दलाल कम्पनी र लगानीकर्ताको आपसी समझदारीमा ब्याजदर निर्धारण हुने व्यवस्था गरेको छ । त्यसका साथै केन्द्रीय बैंकले पनि ३४ धितोपत्र दलाल कम्पनीलाई मार्जिन कारोबार सेवा उपलब्ध गराउन अनुमति दिइसके पनि लगानीकर्ताबाट लिन पाउने ब्याजदरका विषयमा केही खुलाएको छैन ।

पूँजीबजार नियामक धितोपत्र बोर्ड र मुद्रा बजार नियामक नेपाल राष्ट्र बैंक हो । राष्ट्र बैंकले यसअघि कर्जा लिएर कर्जा लगानी गर्ने प्रकृतिको सेवामा ग्राहकले लिन पाउने ब्याजदर तोकेको छ । तर, मार्जिन कारोबार सुविधाका विषयमा ब्याजदर नतोकिँदा प्रभावकारी कार्यान्वयन हुनेमा अझै पनि शंका देखिन्छ । राष्ट्र बैंक आफैंले नियमन गर्ने हायर पर्चेज र लघुवित्त संस्थाका लागि ग्राहकबाट लिन पाउने अधिकतम ब्याजदर तोकिदिएको छ । केन्द्रीय बैंकले हायर पर्चेजको ब्याजदरमा अधिकतम ४ प्रतिशतसम्म थप गर्न पाउने व्यवस्था गरेको छ ।

त्यसैगरी बैंक तथा वित्तीय संस्था तथा होलसेल लेन्डिङ गर्ने लघुवित्त संस्थाबाट कर्जा लिएर लगानी गर्दा लघुवित्त विकास बैंकका हकमा आधार दरमा ३ प्रतिशतसम्म प्रिमियम लिन पाउने व्यवस्था गरेको छ । साथै, २०८२ साउनभन्दा अघिका कर्जाका हकमा १५ प्रतिशतको ब्याजदर तोकेको छ ।

धितोपत्र बोर्डले करिब ८ वर्ष अघिदेखि धितोपत्र दलाल मार्फत मार्जिन कारोबार सुविधा उपलब्ध गराउने भन्दै आए पनि हालसम्म कार्यान्वयनमा आउने सकेको छैन । बोर्डले २०७४ कात्तिकमा मार्जिन कारोबार सम्बन्धी निर्देशन जारी गरेको थियो । बुधबार ल्याएको निर्देशिका पनि सोही निर्देशनभन्दा फरक देखिँदैन । निर्देशनमा पनि ब्याजदर सम्बन्धी व्यवस्था गरेको थिएन । साथै, बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा र ब्रोकरबाट लिइने मार्जिन कारोबार सुविधा एउटै प्रकृतिको हो वा फरक हुन्छ भन्ने विषयमा पनि निर्देशिकाले सम्बोधन गरेको देखिँदैन ।

बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा लगानीकर्ताले अन्य क्षेत्रमा पनि परिचालन गर्न सक्ने अवस्था रहन्छ । तर, ब्रोकर कम्पनी मार्फत लिइएको मार्जिन कारोबार सुविधाबाट सेयर खरिदमात्र गर्न सकिन्छ । त्यसैगरी बहुपयोगी स्रोत व्यवस्थापन बैंक तथा वित्तीय संस्थाबाट भइरहेको अवस्थामा मार्जिन कारोबार सुविधाको प्रभावकारी कार्यान्वयन हुनेमा अझै विश्वस्त हुन सक्ने अवस्था देखिँदैन ।

ब्याजदर तोक्ने तथा माथिल्लो सीमा लगाउने सन्दर्भमा धितोपत्र बोर्डले निर्णय गर्न जटिल विषय नभएको एक लगानीकर्ताले बताए । 'धितोपत्र बोर्ड सञ्चालक समितिमा राष्ट्र बैंकको प्रतिनिधि हुँदा समेत ब्याजदरको विषयमा नबोलिनु व्यावहारिक होइन कि ?,' ती लगानीकर्ताले भने, 'धितोपत्र दालल कम्पनीलाई सेयर खरिद गर्नका लागि मलाग्दी ब्याजदर लिन सक्छौ भनेको हो, जुन समग्रका लागि सकारात्मक होइन, यसमा नियामक नै रहने हो भने सहकारीपछिको समस्या सेयर बजारमा आउने छ ।' धितोपत्र बोर्डले काम गरेको देखाउन मात्रै निर्देशनलाई निर्देशिका बनाइ ल्याएको ती लगानीकर्ताको अरोप छ । धितोपत्र ब्रोकरले लगानीकर्तालाई दिने मार्जिन सुविधाको स्रोत भनेको सेयरधनीबाट सापट र बैंकबाट लिने ऋण हो ।

## हेटौंडा हस्पिटल अनुगमन गरेकै भोलिपल्ट मुख्यमन्त्रीको निर्देशन:

# 'गैरजिम्मेवार चिकित्सक र कर्मचारीलाई कारवाही हुन्छ'



साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ बुधबार साँझ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालित हेटौंडा अस्पतालको आकस्मिक अनुगमन गरेका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बिहिबार प्रतिष्ठानका सरोकारवाला पक्षसँग छलफल गरेका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्वास्थ्य मन्त्रालयकी सचिव डा. सुमित्रा गौतम, प्रतिष्ठानका उपकूलपति डा. प्रदीप ज्ञवाली, रजिस्ट्रार एवम् हेटौंडा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष भीमसागर गुरागाईं तथा निमित्त निर्देशक डा. हरिबहादुर खड्कालाई बोलाएर मुख्यमन्त्री बानियाँले छलफल गरेका हुन् । छलफलका क्रममा उनले डिउटी समयमा अनुपस्थित रहने चिकित्सक तथा कर्मचारीलाई तत्काल सचेत गराई सुधार गर्न निर्देशन दिएका छन् । यस क्रममा मुख्यमन्त्री बानियाँले गैरजिम्मेवार चिकित्सक, कर्मचारी तथा अस्पताल प्रशासनमाथि कारबाही गर्ने चेतावनी दिएका छन् ।

कम्तिमा एकदिन अगावै जानकारी गराएर मात्र बिदा बस्न, बिदाको समयमा बिरामी सेवामा असर नपर्ने गरी डिउटी मिलान गर्न अस्पताल प्रशासनलाई उनले निर्देशन दिए । डिउटी समयमा अनिवार्य रुपमा तोकिएको पोशाक (ड्रेस) लगाउन र अस्पतालभित्र सर सफाइमा विशेष ध्यान दिन उनले अनुरोध गरे । मुख्यमन्त्री बानियाँले स्वास्थ्यसेवा संवेदनशील क्षेत्र भएकाले नागरिकले गुणस्तरीय र नियमित सेवा पाउनुपर्नेमा जोड दिँदै अस्पताल प्रशासनलाई जिम्मेवार र उत्तरदायी ढंगले काम गर्न आग्रह गरे ।

अस्पतालबाट प्रवाह हुने सेवा सुविधा, चिकित्सक, स्वास्स्त्यकर्मी तथा कर्मचारीको व्यवहारका विषयमा जनगुनासो आएपछि मुख्यमन्त्री बानियाँले आकस्मिक अनुगमन गरेका थिए । अनुगमनका क्रममा डिउटी समयमा केही चिकित्सक तथा कर्मचारी अस्पतालमा अनुपस्थित भेटिएपछि उनले असन्तुष्टि जनाए ।


**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१



***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

## सुशीला कार्की नेतृत्वको सरकारले निष्पक्ष चुनाव गराउन सक्दैन: विप्लव

# ‘सरकारको मन्त्रीमण्डल रास्वपाको कब्जामा’

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/नेकपा (माओवादी) का महासचिव नेत्रबिक्रम चन्द ‘विप्लव’ ले वर्तमान सरकारको मन्त्रीमण्डल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले कब्जा गरेको आरोप लगाएका छन् ।

एनजिओमा काम गर्ने व्यक्तिलाई समावेश गरेर सरकार गठन भएको उनको धारणा छ । बिहिबार हेटौंडामा भएको कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रममा सम्बोधन गर्दै महासचिव विप्लवले आफू अनुकूल नियम कानुन बनाएर मन्त्री पदबाट राजीनामा दिएर रास्वपाबाट चुनाव लड्न गएको आरोप पनि लगाए । अहिले मन्त्रीमण्डलमा भएका मन्त्रीहरु पनि निष्पक्ष नभएको र रास्वपालाई चुनावमा सहयोग गर्ने मनसायमा रहेको उनले टिप्पणी गरे । महासचिव विप्लवले सुशीला कार्की नेतृत्वको सरकारले निष्पक्ष चुनाव गराउन नसक्ने ठोकुवा गरे ।

चुनाव गराउने आधार र अधिकार वर्तमान सरकारलाई नभएको उनको जिकिर थियो । महासचिव विप्लवले प्रधानमन्त्री कार्कीलाई संविधानको कुन धारा अनुसार र कसको स्वीकृतिमा प्रधानमन्त्री बनेको ? भन्दै प्रश्न गरे । राजनीतिक दल, बुद्धिजीविहरु समेतको संलग्नतामा बन्ने सरकारले मात्र निष्पक्ष चुनाव गराउन सक्ने




उनको भनाई छ ।

महासचिव विप्लवले चुनाव हुन्छ कि हुँदैन ? भन्ने अन्यौलताका बीच चुनाव हुने वातावरण निर्माण भएपछि मात्र पार्टी प्रवक्ताको नेतृत्वमा चुनावमा गएको बताए ।

महासचिव कै नेतृत्वमा चुनावमा जानुपर्ने कुरा उठेपनि सरकारले आफ्नो पार्टीलाई पक्षपातपूर्ण व्यवहार गरेपछि प्रवक्ताको नेतृत्वमा संसद्मा प्रतिनिधित्व गर्ने उद्देश्यले निर्वाचनमा होमिएको उनको भनाई छ । सरकारले नेकपा माओवादीलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन नगरेको उनले जिकिर गरे । महासचिव विप्लवले संघर्षको माध्यमबाट जेनजीको पूरा नभएका मागलाई संसद्बाट पूरा गराउन संसदीय निर्वाचनमा भाग लिएको स्पष्ट पारे । महासचिव विप्लवले नेपाललाई विदेशी राष्ट्रहरुले आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्न खोजिरहेको बताए ।

देशलाई निकास दिने उद्देश्य सरकारको नरहेको उनको भनाई छ । महासचिव विप्लवले राष्ट्रिय स्वाधीनतामा हस्तक्षेप गर्ने साम्राज्यवादीको विरुद्धमा संघर्ष गर्नुपर्ने बताए । ठुलाठुला षड्यन्त्र मार्फत चुनावलाई निष्पक्ष हुन नदिने खेल काठमाडौंमा चलिरहेको उनले उल्लेख गरे । महासचिव विप्लवले चुनावी मोर्चाबाट आफ्नो पार्टी नहट्ने दोहोऱ्याएका छन् । गणतन्त्रको १८ वर्षको अवधिमा जनताप्रति समर्पित दलहरुलाई आगामी चुनावमा जिताउन पनि उनले आह्वान गरे । महासचिव विप्लवले निस्वार्थ भावनाले जनताको सेवा गर्न प्रतिबद्धता व्यक्त गरे ।

उनले फागुन २१ गते हुन लागेको चुनाव जेनजी आन्दोलनको मर्म विपरीत हुन लागेको बताए । राज्य पुर्नसंरचना, संविधान संशोधन, भ्रष्टचार अन्त्य, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था हुने गरी चुनाव हुनुपर्ने उनको धारणा छ । महासचिव विप्लवले जेनजी पुस्ताको माग चुनावमात्र नभएको बताए । सर्वपक्षीय अन्तरिम सरकार गठन गरी स्थित सरकार हुने गरी चुनाव गर्नुपर्ने आफ्नो पार्टीको अडान रहेको उनले जिकिर गरे । देशको नेतृत्व एकचोटी आफूहरुले गर्न पाउनुपर्ने पनि उनको भनाई छ ।

महासचिव विप्लवले राष्ट्रिय स्वाधीनताको पक्ष र भ्रष्टचारको विरुद्धमा नेकपा माओवादी बाहेक अरु कुनैपनि पार्टी सडकमा नरहेको दाबी गरे । पत्रकारहरुको जिज्ञाशामा महासचिव विप्लवले जेनजी युवाको मागअनुसार नै चुनाव गराउनु उत्तम विकल्प भएको बताए । केपी ओलीलाई प्रधानमन्त्री पदबाट हटाएर अरु कुनै व्यक्तिलाई प्रधानमन्त्री बनाउन मात्र जेनजी आन्दोलन नभएको उनले बताए । प्रत्यक्ष कार्यकारी प्रमुख चुन्ने गरी हुने निर्वाचनबाट मात्र देशले निकास पाउने उनको भनाई छ ।

मन्त्री भएर राज्यको सम्पत्ती दुरुपयोग गर्ने मनसायले चुनावमा नगएको उनले उल्लेख गरे । कुनै एक पार्टीले बहुमत ल्याएर सरकारले बनाउने स्थिति नरहेको दाबी गर्दै उनले ६-६ महिनामा चुनाव हुने स्थिति देखापरेको बताए ।

महासचिव विप्लवले प्रचण्ड र बाबुरामको साथ आफूहरुले पद र सुविधाको लागि मात्रै छोडेको भन्न नमिल्ने बताए । माओवादी आन्दोलन असफलतातर्फ उन्मुख हुँदै गएकोले प्रचण्ड र बाबुरामको साथ छोडेको उनले स्पष्ट पारेका छन् । कार्यक्रममा मकवानपुर क्षेत्र नं. १ का उम्मेदवार महेश नेपाल, क्षेत्र नं. २ का उम्मेदवार राम घलान वाटरलगायतको उपस्थिति रहेको थियो ।

# वन्यजन्तु र मानवबीचको द्वन्द्व अन्त्य गर्छौं: महेश बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ का नेकपा (एमाले) उम्मेदवार महेश कुमार बर्तौलाले मध्यवर्ती क्षेत्रका बासिन्दाले भोग्दै आएको वन्यजन्तु र मानवबीचको द्वन्द्वलाई नीतिगत रुपमै समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

चुनावी अभियानका क्रममा बिहीबार मनहरीका विभिन्न वडामा मतदातासँग भेटघाट गर्दै बर्तौलाले यस्तो बताएका हुन् । साविक हाँडीखोलाक्षेत्रमा आयोजित छलफलमा बर्तौलाले मध्यवर्ती क्षेत्रको ऐनले स्थानीयको अधिकार कुण्ठित गरेको उल्लेख गरे । निर्वाचन फोकल पर्सन आशिष अस्लामीले मिडियालाई दिएको जानकारी अनुसार, बर्तौलाले यहाँको वस्ती सदियौंदेखिको भएकोले पछि बनेको ऐनले जनतालाई दु:ख दिन नहुने र भूमिहीनले धनीपुर्जा पाउनुपर्ने पक्षमा आफू दृढ रहेको बताएका थिए ।

बर्तौलाले पालिकाले भूमिहीनको लगत संकलन गरेर निर्णय गरी भूमि आयोगमा पठाउन ढिलाइ गरेकोमा असन्तुष्टि व्यक्त गर्दै यसप्रति जनता जागरुक हुनुपर्नेमा जोड दिए । किसानले राखेको बाँदर र दुम्सी आतंकको गुनासो सम्बोधन गर्दै बर्तौलाले यसको तीनवटा विकल्प अघि सारेका छन् । उनले बाँदरलाई विदेश निर्यात गर्ने, बन्ध्याकरण गर्ने वा किसानलाई मार्न पाउने अधिकार दिने गरी कानुनी व्यवस्थापन गर्न विज्ञसँग सल्लाह भइरहेको जानकारी दिए । ‘अब मृग र दुम्सीले गर्ने क्षतिको पनि क्षतिपूर्ति पाउने गरी नीतिगत काम गर्नेछु,’ उनले थपे ।

भेटघाटका क्रममा स्थानीयले मध्यवर्ती प्रशासनप्रति कडा आक्रोश पोखेका छन् । मनहरी-३ का ७० वर्षीय लिलानाथ रिजालले भने, ‘आफ्नै बारीको रुखको हाँगो काट्न पाइँदैन । निकुञ्जले हामीलाई जनावरभन्दा तल्लो दर्जाको व्यवहार गर्छ ।’ त्यस्तै, मनहरी-५ दर्दराका राजु मिजारले एकातिर निकुञ्जको समस्या र अर्कोतिर राप्तीनदीको कटानले गर्दा बस्ती नै जोखिममा परेको भन्दै तटबन्धनको माग गरे । अन्य स्थानीयले खानेपानी, सिँचाइका लागि डिप बोरिङ र सडक ढलानका योजना माग गरेका थिए ।

पछिल्लो समय राजनीतिमा ‘नयाँशक्ति’ भन्दै भइरहेको चर्चाप्रति टिप्पणी गर्दै बर्तौलाले विचार र एजेन्डा मुख्य हुने बताए । ‘केही मान्छे युवा र वयस्कबीच ध्रुवीकरण गर्न खोज्दैछन्,’ उनले भने, ‘नयाँका नाममा बाआमालाई पुरानो भनेर ढोका थुन्ने दिन आयो भने के होला ? हामीसँग स्पष्ट एजेन्डा र कामको अनुभव छ ।’ बर्तौलाले मनहरी-३ को घट्टेदमार, खौरालटोल, कौगेडीदमार, वडा नम्बर २ को भुल्यान र भुन्द्रुङटाँडी, वडा नम्बर ५ को दर्दरा, डिल्लिपुर तथा वडा नम्बर ९ को माथिल्लो ज्यामिरे क्षेत्रमा पुगेर मतदाताको समस्या सुनेका थिए ।

कार्यक्रममा एमाले मनहरी अध्यक्ष नवीन सुवेदी र पूर्वउपाध्यक्ष मनिला विष्टले बर्तौलाले विगतमा जनचासोका विषयमा संसद्मा सशक्त आवाज उठाएको चर्चा गरे । मतदाता भेटघाटमा एमाले नेता राजाराम स्याङतान, बीरेन्द्र डिसी, लक्ष्मण उप्रेती, अनिला बिष्ट, बीरु मिजार, विद्यार्थी नेताहरु सरोज अर्याल, बुद्दरत्न स्याङतान, निर्दोश लुइटेल, युवा नेता अमृत बर्तौला लगायतको उपस्थिति रहेको थियो ।

## बालकविरुद्ध हुने यौनहिंसाबारे प्रदेशस्तरीय छलफल



साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ ‘बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी’ भन्ने नारासहित बालकविरुद्ध हुने यौनहिंसा, विद्यमान कानुनीप्रावधान र रोकथामसम्बन्धी बागमती प्रदेशस्तरीय छलफल बिहीबार हेटौंडामा सम्पन्न भएको छ ।

द भोइस अफ चिल्ड्रेन र बालकल्याण समाज मकवानपुरको संयुक्त आयोजनामा एवम् ओके फाउन्डेशन र फ्यामली फर एभरी चिल्ड्रेनको सहयोगमा आयोजित कार्यक्रममा बालअधिकार सुनिश्चितताका लागि बालन्याय प्रवर्द्धनमा बागमती प्रदेशमा भइरहेका प्रयास र विद्यमान चुनौतीबारे छलफल गरिएको थियो । बागमती प्रदेशका मुख्य न्यायाधीवक्ता अप्सरा बस्नेतले बालअधिकार सुनिश्चितताका लागी बालन्याय प्रवर्द्धनमा बागमती प्रदेशमा भइरहेको प्रयास र चुनौती प्रस्तुतीकरण दिएकी थिइन् ।

बालअधिकार समिति बागमती प्रदेशका सदस्य प्रकाश खतिवडाले बागमती प्रदेशमा बालहिंसा, कानुनी अवस्था र बालविवाहसँगै बालगृहको अवस्थाबारे सहजीकरण गरेका थिए । द भोइस अफ चिल्ड्रेनकी सहजकर्ता कृति भट्टराईले बालकविरुद्ध हुने यौनहिंसा रोकथाम तथा आवश्यक कानुन संशोधनका विषयमा सहजीकरण गरिन् । कार्यक्रममा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

## एन्जललाई ‘तिलगंगा गोविन्द स्मृति प्रोत्साहन छात्रवृत्ति’ प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ भीमफेदी निवासी समाजसेवी तथा साहित्यकार सुभाषचन्द्र पौड्यालद्वारा स्थापित ‘तिलगंगा गोविन्द स्मृति प्रोत्साहन छात्रवृत्ति’ यसवर्ष महेन्द्र माध्यमिक विद्यालयकी छात्रा एन्जल घिसिङलाई प्रदान गरिएको छ ।



महेन्द्र माविमा आयोजित कार्यक्रमकाबीच घिसिङलाई नगद २५ हजार ५५५ रुपैयाँसहित प्रशंसापत्र प्रदान गरिएको हो । पौड्यालले आमा तिलकुमारी, बुबा गोविन्द पौड्याल र दिदी गंगाकुमारीको स्मृतिमा स्थापना गरेको अक्षयकोषबाट हरेक वर्ष पुरस्कार प्रदान गर्नेछ । छात्रवृत्ति विशेषगरी कक्षा १२ (दश जोड दुई) पुरा गर्ने इमान्दार र अनुशासित, जेहेन्दार तथा अध्ययनशील, विद्यालयको गरिमा उच्च राख्ने एक छात्रालाई छनोट गरी प्रोत्साहनस्वरुप प्रदान गर्ने घोषणा गरिएको छ । छात्रवृत्तिका संस्थापक पौड्याल भीमफेदीमै जन्मेका हुन् । उनले महेन्द्र माविमा अध्ययन गर्नुका साथै करिब साढे दुईवर्ष त्यहाँ अध्यापन गराएका थिए ।

नेपाल बैंक लिमिटेडमा ३० वर्ष सेवा गरी निवृत्त भएका पौड्याल लेखन र साहित्यिक क्षेत्रमा पनि संलग्न छन् । आफ्नो विद्यालय र पितृप्रतिको सम्मानस्वरुप उनले यो अक्षयकोष स्थापना गरेका हुन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईश्वरमान श्रेष्ठको सभाध्यक्षता तथा पुरस्कार संस्थापक पौडेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कुमार लामाको आतिथ्यता रहेको थियो ।


## सामाजिक सुरक्षा भत्ता लाभग्राहीको Biomatric Verification गर्ने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च. नं. ९२ को मिति २०८२।०९।१४ गतेको प्राप्त पत्रानुसार समाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरूको आ.ब. ०८२ २०८३ मा Biomatric Verification नभई सामान्य दर्ता प्रकारबाट नविकरण भएकोमा राष्ट्रिय परिचयपत्र नम्बर मार्फत Verify गर्न बाँकी लाभग्राहीहरूको Biomatric Verification वडा कार्यालयमा सम्पर्क राखी यहि २०८२ फाल्गुण १ गते देखि १५ गते भित्र गर्नु हुन अनुरोध छ ।

**आवश्यक कागजात**

१) सामाजिक सुरक्षा भत्ता परिचयपत्र
२) राष्ट्रिय परिचयपत्र नम्बर (NIN)
३) नेपाली नागरिकता प्रमाण पत्र

**पुनश्च :** बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त असहाय वा ९० बर्ष माथिका जेष्ठ नागरिकको हकमा Biomatric Verify अनिवार्य नभएको ।

**हेटौंडा उपमहानगरपालिका**
**९ नं. वडा कार्यालय**
**पशुपतिनगर, हेटौंडा, मकवानपुर**

HETAUDA SUB-METROPOLITAN CITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
HETAUDA, MAKAWANPUR
BAGMATI PROVINCE, NEPAL

## Invitation for Bids

**First date of Publication: 2082/11/01 B.S. (13th February, 2026)**

Hetauda Sub-Metropolitan City, Hetauda, Makawanpur invites only electronic bids for the following Works under National Competitive Bidding - Single Stage Single Envelope Bidding procedures.

| S.N. | IFB No. | Name of Project | Estimated Amount (with VAT) | Bid Submission Deadline | Bid Opening | Price of Bid Document | Bid Security |
|---|---|---|---|---|---|---|---|
| 1. | HSMC/ WORKS/06/ 082/83 | Ward No 15 Office Maintenance Works, Hetauda Sub Metropolitan City | NRs. 24,01,405.96 | 2082/12/01 B.S. (15th March, 2026) 12:00 Hours | 2082/12/01 B.S. (15th March, 2026) 14:00 Hours | NRs. 3,000 | NRs. 61,000.00 |

Eligible bidders may obtain further information from Hetauda Sub-Metropolitan City Office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp for complete set of Bidding Documents.
Tel: 057-523045, 057-523076
Email: info@hetaudamun.gov.np, planning@hetaudamun.gov.np

**Chief Administrative officer**

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७००००५२२ | राम मोक्तान | मनहरी-०९, मकवानपुर |

## नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?

यो सुनौलो अवसर नछुटाउनुहोस्

चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरु अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरु एकै ठाउँमा ।

**नयाँ रेस्टुरेन्ट सुरू गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका।**

**सम्पर्क: ९८५१०२४८६८**

## हेटौंडा उपमहानगरपालिका
### १ नं. वडा कार्यालय
# नि:शुल्क स्वास्थ्य शिविर

हेटौंडा उपमहानगरपालिका १ नं. वडा कार्यालयको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक बजेट अनुसार १ नं. वडाका निम्न मिति, समय र स्थानमा आँखा, दाँत र महिलाहरूको पाठेघर सम्बन्धी नि:शुल्क स्वास्थ्य शिविर आयोजना गरिएको हुँदा स्वास्थ्य परीक्षण गराई लाभ लिनहुन सम्पूर्ण वडाबासीहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**सहयोगी संस्थाहरू:**
हेटौंडा अस्पताल
हेटौंडा सामुदायिक आँखा अस्पताल
नेपाल परिवार नियोजन संघ मकवानपुर

**कार्यक्रम हुने**
मिति : २०८२ फागुन २ गते, शनिबार
समय : बिहान ८:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
स्थान : नकैली शहरी स्वास्थ्य केन्द्रको भवन (जरुवाटोल)


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना